बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल


प.सं.: २०७८।०७९

च.नं.: 662

२०७९/०३/३१

**विषयः आर्थिक वर्ष २०७९/८० को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धि व्यवस्था र मार्ग दर्शन पठाएको सम्बन्धमा ।**

**श्री बागमती प्रदेशका स्थानीय तहहरु ११९ सबै**

प्रस्तुत विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरको प.सं.०७८/०७९, च.नं.२६६१ मिति २०७९/०३/२४ गतेको पत्रबाट प्राप्त आर्थिक वर्ष २०७९/८० को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धि व्यवस्था र मार्ग दर्शन पाना-४ संलग्न छ । वित्तीय हस्तान्तरण सम्बन्धमा सो बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

(हरि प्रसाद उपाध्याय)
प्रदेश लेखा नियन्त्रक

बोधार्थः

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री महालेखा नियन्त्रक कार्यालय (कोष प्रशासन शाखा), अनामनगर, काठमाण्डौ ।

श्री प्रदेश लेखा इकाई कार्यालय (कोष तथा लेखा नियन्त्रक कार्यालय),

काभ्रेपलाञ्चोक, चितवन, त्रिपुरेश्वर काठमाण्डौ, दोलखा, धादिंग, नुवाकोट, भक्तपुर, रसुवा, रामेछाप, ललितपुर, सिन्धुपाल्चोक, सिन्धुली ।


फोन नं.०५७-५२४८०६, ०५७-५९०८०७, ०५७-५२१५०८, ०५७-५२१८०७

इमेलः ptco.makwanpur@gmail.com, वेबसाइटः http://ptco.p3.gov.np/

बागमती प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

पत्र.सङ्ख्या : ०७८/७९
चलानी नम्बर: २६६१

मिति : २०७९/०३/२४

विषय: आर्थिक वर्ष २०७९/८० को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तह सबै (११९ वटा),
बागमती प्रदेश।

प्रदेश विनियोजन ऐन, २०७९ प्रदेश शभाबाट पारित भई मिति २०७९/०३/२१ मा प्रमाणिकरण भईसकेको छ। सोही अनुसार आर्थिक वर्ष २०७९/८० को लागि बागमती प्रदेश सरकारले नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश वित्तीय हस्तान्तरण सम्बन्धी ऐन, २०७५, प्रदेश समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ र प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७८ बमोजिम त्यस महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकालाई हस्तान्तरण गरिएको समपुरक अनुदान, विशेष अनुदान, सशर्त अनुदान, वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटलाई कार्यान्वयन गर्न सहजीकरण गर्ने प्रयोजनार्थ प्रचलित ऐन, नियमका अतिरिक्त देहाय बमोजिमको मार्गदर्शन विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा ४ मा भएको व्यवस्था बमोजिम पठाईएको व्यहोरा अनुरोध छ।

**अन्तर सरकारी वित्तीय हस्तान्तरण र कार्यान्वयन:**

१. वित्तीय समानीकरण अनुदानको एक चौथाईका दरले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र १५ गते, कार्तिक १५ गते, माघ १५ गते र वैशाख १५ गते गरी चार किस्तामा दाखिला गर्नेछ।

२. मुलुकमा विपद वा कुनै असामान्य परिस्थिति उत्पन्न भई प्रदेशको लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेमा प्रदेश सरकारले वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम संकलित राजस्वको अनुपात अनुसार पुन: निर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नेछ।

३. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र बुझाउनु पर्नेछ ।

४. बुदा नं. २ बमोजिम प्रदेश सरकारबाट किस्ता निर्धारण भएको अवस्थामा प्रदेश सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ। यस्तो विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम सञ्चित कोषमा दाखिला गरिने छैन।

५. सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको रकमको एक चौथाईका दरले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेबसाइट: moeap.bagamati.gov.np

## बागमती प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या :

चलानी नम्बर :

मिति :

कोषमा आर्थिक वर्षको भाद्र १५ गते, कार्तिक १५ गते, माघ १५ गते र बैशाख १५ गते गरी चार किस्तामा दाखिला गर्नेछ।

६. सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोहि योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान, सहितको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्नेछ। त्यस्तो कार्ययोजनाको साथमा सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान २०७९ श्रावण मसान्त भित्र प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ।

७. बुँदा नं. ६ बमोजिमको कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्त भित्र पेश गर्नु पर्नेछ।

८. बुदा नं. ७ बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको बाँकी किस्ता रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिने छैन।

९. वित्तीय हस्तान्तरण अन्तर्गत स्वीकृत योजना तथा कार्यक्रमहरु स्थानीय तहबाट पुन: संशोधन वा परिमार्जन नगरी स्वीकृत भए बमोजिम नै कार्यान्वयन गर्नुपर्नेछ।

१०. योजना/कार्यक्रम कार्यान्वयन गर्दा निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरु (योजनाको नाम, स्रोत, लागत, कार्यसम्झौता भएको र कार्य शुरु भएको मिति, सम्झौता अंक, सम्झौता भएको उपभोक्ता समिति/ठेक्का लिनेको नाम ठेगाना आदि) विवरण काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ।

११. वित्तीय हस्तान्तरणको उपयोग नेपालको संविधान, दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, बागमती प्रदेशको पहिलो आवधिक योजनाले निर्दिष्ट गरेका क्षेत्र र मार्गदशन बमोजिम गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१२. सशर्त अनुदानबाट संचालन हुने योजना वा कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७८ मा भएका व्यवस्थाका साथै अन्य आवश्यक पर्ने खर्चका मापदण्ड लगायत कार्यान्वयनमा देखा परेका द्विविधा/समस्याका विषयमा प्रदेशको सम्बन्धित विषयगत मन्त्रालयसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्नेछ।

१३. सशर्त अनुदान अन्तर्गत सञ्चालित योजना/कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण सम्बन्धित स्थानीय तहले सम्बन्धित विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा चौमासिक रुपमा पठाउनुपर्नेछ।

१४. प्रदेश सरकारको निर्णयबाट विपद्‌जन्य अवस्था, महामारी वा आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुर्नस्थापना गर्नुपर्ने अवस्था तथा अन्य कुनै विशेष परिस्थितिमा आर्थिक वर्षको विचमा प्रदान गरिएको सशर्त अनुदान वापत निकाशा भएको रकम सम्बन्धित स्थानीय तहले आफनो वार्षिक बजेटमा समावेश गरी सम्बन्धित गाउँ सभा वा नगर सभाबाट अनुमोदन गराई लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्नेछ।

१५. समपूरक अनुदान, विशेष अनुदान तथा सशर्त अनुदानका योजना/कार्यक्रमहरुका सम्बन्धमा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७, प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ र प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७८ बमोजिम कार्यान्वयन गर्नुपर्नेछ।

१६. समपूरक र विशेष अनुदानबाट सञ्चालित योजना/कार्यक्रमहरु लक्षित उदेश्य अनुरुप सञ्चालन नभएमा तथा उपभोक्ता समिति मार्फत खर्च गरेको पाइएमा प्रदेश सरकारले त्यस्तो अनुदान बापत उपलब्ध गराएको रकम आगामी आर्थिक वर्षमा प्रदान गरिने वित्तीय समानीकरण अनुदानबाट कट्टा गर्न सक्नेछ।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

१७. समपूरक तथा विशेष अनुदानका योजनाहरुको ठेक्का प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी बनाउन स्थानीय तहले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा विद्युतीय प्रणाली मात्र अपनाउन सक्नेछ। ठेक्का सम्झौताको विवरण सम्झौता सम्पन्न भएको सात दिनभित्र स्थानीय तहले मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ। यस्तो विवरण प्राप्त नहुँदा सम्म सो योजना/कार्यक्रमको बाँकी किस्ता रकम निकासा गरिने छैन।

१८. वित्तिय हस्तान्तरण अन्तर्गत सशर्त, समपूरक र विशेष अनुदानका योजनाहरु तोकिएको समयावधि भित्र नै सम्पन्न गर्ने गरी स्विकृत बजेटको सिमाभित्र रही कार्यान्वयन गर्नुपर्नेछ। तोकिएको समयभित्र योजना/कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो योजना/कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्नेछ।

१९. समपूरक अनुदान र विशेष अनुदानबाट सञ्चालन गरिने योजना/कार्यक्रममा कन्टिन्जेन्सी वापत लागतको क्रमशः तीन र दुई प्रतिशत भन्दा बढी राख्न पाईने छैन।

२०. समपूरक तथा विशेष अनुदान अन्तर्गतका योजनाबाट सञ्चालित आयोजना/कार्यक्रमको प्रगति प्रतिवेदन प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि २०७७ को अनुसुची-३ तथा प्रदेश सशर्त अनुदान सम्वन्धी कार्यविधि, २०७८ को अनुसूचि ७ बमोजिमको ढाँचामा चौमासिक रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

२१. सशर्त अनुदान र विशेष अनुदानका कार्यक्रमहरु सञ्चालन गर्दा बोलपत्र स्वीकृत पश्चात हुन आउने बचत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ। समपूरक अनुदानका योजनाहरुको हकमा बोलपत्र स्वीकृत भई हुने बचत रकममा प्रदेश सरकारको हिस्सा बराबरको रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ। बोलपत्र स्वीकृति पश्चात बचत हुन आउने रकम(प्रदेश सरकारको हिस्सा) अन्य योजना तथा कार्यक्रममा खर्च गर्न पाईने छैन।

२२. सशर्त, समपूरक र विशेष अनुदानका स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत आगामी आर्थिक वर्षको साउन मसान्त भित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ। बचत रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाई कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

**वित्तीय अनुशासनः**

२३. स्थानीय तहले आफुले उठाएको राजस्व, बाँडफाँटबाट प्राप्त राजस्व र प्रदेश सरकारबाट वित्तीय समानीकरण वापत प्राप्त भएको अनुदान रकम कानून बनाई खर्च गर्नुपर्नेछ।

२४. कानून बनाउँदा देहायका कुराहरुको पालना हुने व्यवस्था मिलाउनु पर्नेछः

क. संघ तथा प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुशरण गर्ने,

ख. सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,

ग. अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्ने,

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेवसाइट: moeap.bagamati.gov.np

बागमती प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

पत्र.सङ्ख्या :

चलानी नम्बर :

मिति : .........................

घ. पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

ङ. आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली प्रचलित कानूनले निर्धारण गरे बमोजिम राख्नुपर्ने।

२५. स्थानीय तहले संकलन गरेको मनोरञ्जन कर, विज्ञापन कर तथा ढुङ्गा, गिट्टि, बालुवा, दहत्तर बहत्तर, माटोको शुल्क लगायतको प्रदेश सरकारको समेत अंश रहेको राजस्वको चालिस प्रतिशतले हुने रकम हरेक महिना बाँडफाँट गरी प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ। यसरी बाँडफाँट गरी दाखिला गर्नुपर्ने रकम दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम सम्बन्धित स्थानीय तहलाई बाँडफाँट हुने सवारी साधन करबाट कट्टा गरी समायोजन गर्नेछ।

२६. एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानुनले तोके बमोजिमको छुट्टै लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ।

२७. बुँदा नं. २६ बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सम्बन्धित तहको केन्द्रिय निकायमा वा शूरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

२८. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समक्ष पेश गर्नु पर्नेछ । दोस्रो चौमासिकको आय व्ययको विवरण पेश गर्दा तेस्रो चौमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नु पर्नेछ । तोकिएको अवधिभित्र विवरण पेश हुन नआएमा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ ।

२९. प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ मा स्वीकृत गरी कार्यान्वयनका लागि हस्तान्तरण गरेका सशर्त, समपूरक तथा विशेष अनुदानका योजनाहरुको हकमा विनियोजन ऐन, २०७८ को दफा ४ को उपदफा १० बमोजिम असार मसान्तसम्म खर्च नभई बचत भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत २०७९/८० को साउन मसान्त भित्र अनिवार्य रुपमा प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ।

***आर्थिक वर्ष २०७९/८० को बजेटसँग सम्बन्धित ऐन, नियम, कार्यविधि तथा प्रकाशनहरु यस मन्त्रालयको वेबसाइट moeap.bagamati.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।***

.................................

(धनिराम शर्मा)

प्रदेश सचिव

बोधार्थः

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा।

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौ।

श्री महालेखा नियन्त्रकको कार्यालय, काठमाण्डौ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, हेटौंडा।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, इमेल: moeap3@gmail.com,
वेबसाइट: moeap.bagamati.gov.np